जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २३, २०८२ पुस १७ गते विहीबार, 1 Jan 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

स्रोत अभावले सडक निर्माण प्रकृया अवरुद्ध



○सरिता दाहाल

मकवानपुर। संघीय राजधानीलाई प्रदेश राजधानीसँग जोड्ने छोटो दूरीको हेटौँडा कुलेखानी काठमाडौँ सडक स्रोत अभावमा परेको छ ।

बजेट निर्माणको क्रममा पर्याप्त विनियोजन हुन नसक्दा यो सडक निर्माणमा समस्या देखिने भएको हो । बागमती प्रदेश सरकारको महत्त्वपूर्ण आयोजनाअन्तर्गत उक्त क्षेत्रमा २ वटा सडकहरु रहेका छन् । प्रदेश सरकार को बजेटबाट हेटौँडा कुलेखानी फाखेल काठमाडौँ र हेटौँडा कुलेखानी सिस्नेरी काठमाडौँ सडक निर्माण भइरहेको छ ।

प्रदेश सरकार स्थापनाको बखतबाटै उक्त सडकलाई स्तरीय बनाउने गरी काम थालिएको थियो । हरेक वर्ष बजेट छुट्याएर प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको दुई वटा निकायबाट सो सडकको स्तरोन्नति कार्य भइरहेको थियो ।

सो सडकलाई प्रदेश सरकारले २०७९ बाट प्रदेश सडक गुरूयोजना अन्तर्गत राखेर निर्माण गर्दै आएको थियो । गुरूयोजनामा सिस्नेरी सडकलाई प्रदेश लोक मार्ग र फाखेल सडकलाई प्रदेश मार्गअन्तर्गत राखिएको छ। तर, प्रदेशको लाइफलाइन सडकको रुपमा रहेको सो सडक निर्माणमा प्राथमिकता अनुसार बजेट नपर्दा स्रोत अभाव देखिएको हो ।

सो दुई सडक खण्डको सुधार तथा स्तरोन्नति कार्य बजेट अभावका कारण अन्योल देखिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक बजेट उपलब्ध नगराउँदा सो सडकको काम अघि बढाउन कठिनाइ देखिएको हो । सरकारले चालु आर्थिक वर्षको बजेट शीर्षकमा हेटौँडा कुलेखानी फाखेल काठमाडौँ सडकका लागि १ करोड रूपैयाँ विनियोजन गरेको छ । उक्त सडकको करिब ६ किलोमिटर सडक निर्माण बाँकी छ । वैकल्पिक मार्गको रुपमा रहेको सिस्नेरी दक्षिणकाली सडक खण्डका लागि पनि पर्याप्त बजेट विनियोजन हुन सकेको छैन । सो सडकको करिब २ किलोमिटर बाटो बनाउन बाँकी छ ।

देश राजधानी पूर्वाधार विकास विशेष आयोजना हेटौँडाका प्रमुख देव नारायण यादवका अनुसार सिस्नेरी दक्षिणकाली सडक खण्डको पूर्ण स्तरोन्नतिका लागि करिब ४० करोड रूपैयाँ बजेट आवश्यक छ ।

आर्थिक वर्ष ०८०/०८१ र ०८१/०८२ मा आएको विनाशकारी बाढी र पहिरोका कारण सो सडक खण्डमा बढी क्षति पुगेको थियो । बाढीले सडकको केही भाग पूर्ण रुपमा बगाएको थियो भने विभिन्न ठाउँमा पहिरोले सडक ठप्प भएको थियो । उक्त सडक यसअघिका अधिकांश ठेक्का सम्झौताहरु सम्पन्न भइसकेका छन् । तर बाढीले क्षति पुर्‍याएका र बाँकी रहेका भागहरुमा नयाँ ठेक्का प्रक्रिया सुरू गर्नुपर्ने अवस्था रहेको पूर्वाधार विकास कार्यालय मकवानपुरका प्रमुख इन्जिनियर सुजन भण्डारीले जानकारी दिए ।

'फाखेल सडकका लागि थप १० करोड बजेट आवश्यक'

प्रमुख भण्डारीका अनुसार हेटौँडा काठमाडौँ जोड्ने फाखेल कुलेखानी सडक खण्डको सबै ठेक्का सकियो । अब सडक स्तरोन्नति गर्न थप बजेट आवश्यक परेको उनले बताए ।

फाखेल खण्डमा अहिलेको नयाँ बाटोको स्तरमा ल्याउन करिब ६ किलोमिटर सडक निर्माण गर्न बाँकी रहेको उनको भनाइ छ । उनले महालक्ष्मी खोलाको पुल साढे ४ करोड रूपैयाँभन्दा बढीको छुट्टै ठेक्कामा रहेको र कुलेखानीमा पनि अर्को पुल निर्माणको योजना रहेको बताए ।

'यसअघि कलंकीदेखि हेविसम्म करिब ४ वर्ष अगाडि गरिएको प्रिमिक्स सडक अहिले विभिन्न ठाउँमा बिग्रिएकाले त्यसलाई पनि नयाँ ठेक्कामार्फत स्तरोन्नति गर्नुपर्ने अवस्था रहेको छ । हाल यस सडकका लागि करिब १ करोड ४० लाख रूपैयाँ मात्र बजेट उपलब्ध रहेको र थप बजेटका लागि फाइल अगाडि बढाइएको छ,' उनले भने, 'अहिले बजेट थोरै छ, तर यो सडकलाई पूर्ण रुपमा कालोपत्रे र व्यवस्थित बनाउन करिब ३० करोड रूपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान छ ।'

सिस्नेरी दक्षिणकाली सडक बहुवर्षीय बनाउने प्रस्ताव

प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना हेटौँडाका प्रमुख देव नारायण यादवका अनुसार सिस्नेरी दक्षिणकाली सडक खण्डको पूर्ण स्तरोन्नतिका लागि करिब ४० करोड रूपैयाँ बजेट आवश्यक छ । हाल सिस्नेरीदेखि दक्षिणकालीसम्मको विभिन्न खण्डमा सडक अपग्रेडको काम भइरहेको र दक्षिणकाली तर्फको छेमले र माइती खोला नजिकै केही भाग बाँकी रहेको उनले बताए ।

पुरनो ठेक्का अन्तर्गत उक्त खण्डमा करिब ४०० मिटर सडकको पिच गर्ने कार्य र यसै महिनामित्रै सम्पन्न हुने उनले बताए । तर सिस्नेरीको 'हेवी' देखि सिस्नेरीको करिब ३ किलोमिटर सडक बाढीले क्षति पुगेको र सिस्नेरीबाट माथिको भागका सडक जीर्ण रहेकाले स्तरोन्नति गर्नुपर्ने उनले बताए । उक्त खण्डलाई व्यवस्थित बनाउन र पहिले बनेका सडकहरुमा

पेज ३ मा

किन बढ्यो पाठकसँग मिडियाको दूरी ?

विचार:उमेश श्रेष्ठ

पछिल्लो एक दशकमा नेपाली मूलधार का मिडियाले पाठकलाई स्पष्ट देखिने गरी गल्ती गरे। तथ्य नजाँची समाचार छापे, अपुष्ट सूचनालाई सनसनीपूर्ण हेडलाइन बनाए, अफवाहलाई 'विश्वस्त सूत्र' को आवरण दिए ।

पेज २ र ४ मा

प्रेस स्वतन्त्रतामाथिको हनन तेब्बेरले बढ्यो

रिपोर्ट

सञ्चार क्षेत्रको आर्थिक संकट र दीगोपन, पत्रकार पलायन, सामाजिक सञ्जालमा बढ्दो मिथ्या सूचनाको प्रतिरक्षा गर्नु महासंघका सामू चुनौती रहेका छन् । संविधान उल्लंघन तथा गैर संसदीय सरकार गठन भएको यो बेला आगामी फागुन २१ गते का लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा भएको छ ।

पेज ३ मा

माउन्टेन बाइक गाइडहरुलाई लाइसेन्स वितरण

"यो वर्ष हामीले माउन्टेन बाइक गाइडहरूलाईईजाजतपत्र दिएका छौं, अर्को वर्ष रुट अन्वेषण गर्ने र यसै वर्ष पनि यसको विकास र प्रचार प्रसारका लागि एउभेन्चर फेस्टिबल गर्ने योजना छ ।" सचिव सुवेदी



पेज ५ मा

मकवानपुरको श्रेष्ठ र सुनार कांग्रेसको समानुपातिक सूचीमा

निर्वाचन अधिकृतको कार्यालय स्थापना

पेज ६ मा

हेटौँडा उपमहानगरपालिका वडा १० को सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरा मा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।* त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

१० नम्बर वडा कार्यालय, हेटौँडा उपमहानगरपालिका

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

निर्वाचन सुरक्षा

आगामी फागुन ३१ गते प्रनितिधि सभा सदस्या निर्वाचन हुदैछ । त्यसअघि राष्ट्रिय सभाको निर्वाचन हुदैछ । निर्वाचन लोकतन्त्रको मेरूदण्ड हो। निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि मतदाता निर्भीक रुपमा मतदान केन्द्रसम्म पुग्न सक्ने वातावरण अनिवार्य हुन्छ। सुरक्षाको कमजोरीले केवल मतदान प्रक्रियामाथि शंका पैदा गर्दैन, लोकतान्त्रिक प्रणालीप्रति जनविश्वास नै कमजोर बनाउँछ।

नेपालमा विगतका निर्वाचनहरु तुलनात्मक रुपमा शान्तिपूर्ण भए पनि स्थानीय तहदेखि संघीय तहसम्म सुरक्षा चुनौती पूर्ण रुपमा समाप्त भएका छैनन्। राजनीतिक दलबीचको कटु प्रतिस्पर्धा, सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचना, मतदाता प्रभावित पार्ने प्रयास तथा मतदान केन्द्र वरपर हुने अवाञ्छित गतिविधिले सुरक्षालाई संवेदनशील बनाइरहेका छन्। यस्ता जोखिमलाई न्यून गर्न राज्य संयन्त्र समयमै सचेत हुनुपर्छ।

सुरक्षा निकायको तैनाथी मात्र पर्याप्त हुँदैन। उनीहरुको निष्पक्षता, व्यावसायिकता र मानव अधिकारप्रति सम्मान उत्तिकै महत्वपूर्ण पाटो हुन् । मतदान केन्द्रभित्र र बाहिर सुरक्षा व्यवस्थापन स्पष्ट, सन्तुलित र कानूनअनुसार हुनुपर्छ। साथै, निर्वाचन आयोग र सुरक्षा निकायबीचको समन्वय मजबुत हुन आवश्यक छ। निर्वाचन सुरक्षा सरकारको मात्र जिम्मेवारी होइन। राजनीतिक दल, नागरिक समाज र सञ्चारमाध्यमले पनि जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ। हिंसा, डर र दवाबरहित निर्वाचन नै सुदृढ लोकतन्त्रको आधार हो। सुरक्षित निर्वाचन सुनिश्चित गर्न सक्नु नै लोकतान्त्रिक अभ्यासप्रतिको हाम्रो प्रतिबद्धताको परीक्षा हो।

किन बढ्यो पाठकसँग मिडियाको दूरी ?



उमेश श्रेष्ठ

डियाको वास्तविक पुँजी छापाखाना होइन, टेलिभिजन टावर होइन, महँगो स्टुडियो होइन विश्वास हो । तर, पछिल्लो एक दशकमा नेपाली मूलधारका मिडियाले पाठकलाई स्पष्ट देखिने गरी गल्ती गरे। तथ्य नजाँची समाचार छापे, अपुष्ट सूचनालाई सनसनीपूर्ण हेडलाइन बनाए, अफवाहलाई 'विश्वस्त सूत्र' को आवरण दिए ।

६३/६३ को जनआन्दोलनमा मूलधारका नेपाली मिडियालाई 'आठौं दल' को संज्ञा दिइएको थियो । सडकमा सात दल थिए, तर तिनको आवाज, रणनीति, वैधता र नैतिक बललाई जनतासम्म पुऱ्याउने काम मिडियाले गरिरहेको थियो । त्यो समय मिडिया केवल सूचनाको वाहक थिएन, राजनीतिक चेतनाको इन्जिन थियो ।

तर, त्यसको झन्डै दुई दशकपछि जब जेनजी विद्रोह चर्कियो मिडिया त्यो भूमिकामा देखिएन । बरू इतिहासकै सबैभन्दा ठूलो विरोधाभास देखियो । आन्दोलन भइरहँदा मिडिया आन्दोलनको केन्द्रमा थिएन, किनारामा थियो । रणनीतिहरु 'डिस्कोर्ड' र टेलिग्राममा बने, भीड फेसबुक लाइभ र टिकटकमा जुट्यो र प्रधानमन्त्री चयन 'डिस्कोर्ड'मा भएको मतदानमार्फत तय भएको दाबीले विश्वका मिडियामा हेडलाइन बनायो ।

नेपाली मूलधारका मिडियाले भने ती घटनालाई पछिपछि टिपोट गरे, त्यो पनि प्रायः शंकाको भावमा । यो केवल प्रविधिको जित थिएन, मिडियाको हार थियो । यो विफलताले एउटा गम्भीर प्रश्न खडा गऱ्यो । किन एउटा पुस्ताले मूलधारका मिडियालाई पूर्ण रुपमा नकार्दै आफ्नो समानान्तर सञ्चार संरचना बनायो ?

पुरानो शक्ति, हराएको प्रभाव

एक समय थियो देशमा के सोच्ने, के मान्ने, के गलत र के सही भन्ने विषयको 'अन्तिम निर्क्योल' मूलधारका मिडियाले गर्थे । बिहानको अखबारले दिनको दिशा तय गर्थ्यो । रेडियोका घण्टैपिच्छेका बुलेटिनले बहसलाई निरन्तरता दिन्थे । साँझको टेलिभिजन समाचार ले अन्तिम छाप छोड्थ्यो । त्यो संरचना अब भत्किसकेको छ ।

आज भीड फेसबुक लाइभतिर छ । आज व्याख्या युद्ययुबको १५ मिनेटको भिडियोमा छ । आज बहस टिकटकको ३० सेकेन्डको क्लिपमा सीमित छ । आज भरोसा दशकौं यही पेसामा बिताएका कुनै 'वरिष्ठ सम्पादक' मा होइन, विदेश बसेर मोबाइलबाट मिडियो बनाउने एउटा 'इनफ्लुएन्सर' मा छ । यो परिवर्तन केवल पुस्तागत होइन, संस्थागत असफलताको परिणाम हो ।

यहाँ प्रश्न उठ्छ: मूलधारका मिडियालाई कसले कमजोर बनायो ? सरकार ? प्रविधि ? सामाजिक सञ्जालको एल्गोरिदम ? कि नयाँ पुस्ता ? उत्तर सरल र असहज दुबै छ । यी सबै कारण हुन्, तर सहायक मात्रै । मुख्य दोषी स्वयं मूलधारका मिडिया हुन् । उनीहरुले आफ्नै हातले आफ्नो प्रभाव, नैतिक बल र विश्वसनीयता क्रमशः गुमाउँदै लगे । यो लेख त्यही आत्मघाती यात्राका केही प्रमुख मोडहरु खोतल्ने प्रयास हो ।

विश्वास : मिडियाको हराएको पुँजी

मिडियाको वास्तविक पुँजी छापाखाना होइन, टेलिभिजन टावर होइन, महँगो स्टुडियो होइनः विश्वास हो । तर, पछिल्लो एक दशकमा नेपाली मूलधारका मिडियाले पाठकलाई स्पष्ट देखिने गरी गल्ती गरे । तथ्य नजाँचेर समाचार छापे । अपुष्ट सूचनालाई सनसनीपूर्ण हेडलाइन बनाए । अफवाहलाई 'विश्वस्त सूत्र' को आवरण दिए ।

गल्ती हुनु अस्वाभाविक होइन । मानवीय कार्यमा त्रुटि स्वाभाविक पनि हो । तर, गल्तीपछि गरिने व्यवहारले संस्थाको चरित्र देखाउँछ । यहीं नेपाली मिडियाले सबैभन्दा ठूलो चुक गऱ्यो । गल्ती स्वीकार गर्न सकेन । 'माफ गर्नुहोस्' भन्न हिचकिचायो । कतै सानो अक्षर मा 'भूल सुधार' छापियो, कतै चुपचाप अनलाइनबाट समाचार हटाइयो, कतै त झन् पाठकलाई नै दोषी ठहऱ्याइयो । 'हामीलाई गलत बुझियो' भनेर ।

तर, पाठक मूर्ख छैनन् । गल्ती स्वीकार नगर्ने मिडियामा विश्वास हुँदैन भन्ने कुरा कुनै सञ्चार सिद्धान्त होइन, सामान्य मानवीय व्यवहार हो । जहाँ विश्वास घट्छ, त्यहाँ प्रभाव स्वतः हराउँछ । विश्वास निर्माण गर्न वर्षौं लाग्छ, तर त्यसलाई झट्काउन एउटा गल्ती र त्यसपछिको बेइमानी पर्याप्त हुन्छ ।

नेपाली मिडियामा 'करेक्सन कल्चर' को गम्भीर अभाव छ । गल्ती स्विकार्न नचाहने मानसिकता, स्वीकारिहाले पनि पारदर्शिता नदेखाउने प्रवृत्ति व्यापक छ । 'अन्यथा हुन गएकोमा सच्याइएको छ' जस्ता अस्पष्ट भाषा प्रयोग गरिन्छ । के अन्यथा छापिएको थियो ? के हुनुपर्ने थियो ? यी प्रश्नहरु अनुत्तरित रहन्छन् । अन्तर्राष्ट्रियस्तर का प्रतिष्ठित मिडियामा भने सुधार एउटा नियमित अभ्यास हो । बेलायतको 'गार्डियन', 'टाइम्स', अमेरिकाको 'न्युयोर्क टाइम्स', 'वाल स्ट्रिट जर्नल' यी सबैमा 'करेक्सन एन्ड क्लारिफिकेसन्स' दैनिक जस्तै प्रकाशित हुन्छन् ।

'न्युयोर्क टाइम्स' को अभ्यास विशेष उल्लेखनीय छ । त्यहाँ सुधारको जिम्मेवारी एक वरिष्ठ सम्पादकलाई दिइएको हुन्छ । प्रारम्भिक चरणमा त्रुटि रिपोर्टहरुको मूल्यांकन हुन्छ । यदि रिपोर्ट विश्वसनीय देखियो भने सम्बन्धित विभागमा पठाइन्छ । त्रुटि पुष्टि भएपछि पहिलो कदम अनलाइनमा लेख सच्याउने र लेखको अन्त्यमा स्पष्ट नोट राख्ने हो । त्यसपछि अखबारको प्रिन्ट संस्करणमा, प्रायः दोस्रो पृष्ठमै, सुधार प्रकाशित हुन्छ ।

नेपालका मिडियामा यस्तो कुनै स्पष्ट प्रणाली छैन । त्रुटि रिपोर्ट कहाँ जान्छ ? कसले हेर्छ ? कसले निर्णय गर्छ ? यी प्रश्नहरुको उत्तर छैन । मानौं हाम्रा मिडियामा त्रुटि नै हुँदैनन् । तर, तथ्यगत गल्तीहरु बारम्बार भइरहेका छन् । राजनीति, स्वास्थ्य, कानुन, अर्थतन्त्र सबै क्षेत्रमा । तर, सुधारका लागि कुनै संस्थागत संयन्त्र छैन ।

विश्वका जिम्मेवार मिडियामा 'करेक्सन' (सुधार), 'क्लारिफिकेसन' (स्पष्टीकरण) र 'अपोलोजी' (माफी) स्पष्ट रुपमा छुट्याइन्छ । सानो तथ्यगत गल्तीका लागि 'करेक्सन' हुन्छ । जटिल विषयमा स्पष्टता नभएमा 'क्लारिफिकेसन' जारी हुन्छ । गम्भीर पत्रकारिता नैतिकता उल्लंघन भएमा 'अपोलोजी' प्रकाशित हुन्छ । नेपालमा भने सकेसम्म थाहा नपाओस् भनेर चुप बस्ने, अनलाइनमा समाचार गायब पार्ने अभ्याससम्म देखिन्छ । जब पाठकलाई थाहा हुन्छ कि मिडियाले गल्ती लुकाउँछ, त्यहीं विश्वासको सम्बन्ध टुट्छ । तर, अझै पनि धेरै सम्पादकमा 'गल्ती स्विकार्दा विश्वास घट्छ' भन्ने भ्रम कायम छ । यथार्थमा यसको उल्टो हुन्छ । खुलेर गल्ती स्विकार्दा, त्यसको कारण बताउँदा र सच्याउँदा विश्वास बढ्छ । पाठक इमानदारी चाहन्छन् ।

पाठकसँग बढ्दो दूरी

नेपाली मिडियाको प्रभाव घट्नुको अर्को ठूलो कारण होः पाठकसँगको दूरी । मूलधारका मिडियाले आफूलाई अझै पनि सर्वज्ञ ठान्न छोडेनन् । पाठकलाई सुन्ने होइन, सुनाउने मानसिकता कायम रह्यो । जब पाठकले आफ्ना अनुभव, प्रश्न र चिन्ता मिडियामा देख्दैनन्, उनीहरु स्वाभाविक रुपमा वैकल्पिक प्लेटफर्म खोज्छन् ।

एक समय छापामा 'पाठक पत्र' छापिन्थ्यो । त्यो पनि अहिले धेरै मिडियाले बन्द गरिसके । केहीले पाठकका नाममा आफैं पत्र लेखेर बिरालो बाँध्ने परम्परा जोगाइरहेका छन् । सञ्चार विद्वान् स्टोन,सिंगल्टेरी र रिचमन्ड (१९९३) ले भनेका छन्, 'कुनै कुरा प्रकाशन हुनु सञ्चारको आधा प्रक्रिया मात्रै हो । बाँकी आधा प्रक्रिया त्यसबारे प्रतिक्रिया जनाएपछि पूरा हुन्छ । त्यो *बाँकी पेज ४ मा*

प्रेस स्वतन्त्रतामाथिको हनन तेब्बरले बढ्यो

मकवानपुर । प्रेस स्वतन्त्रताको भयावह रहेको तथ्याङ्कले देखाएको छ । नेपाल पत्रकार महासंघका अनुसार अघिल्लो वर्षको तुलनामा २०२५ मा झण्डै तेब्बर घटना बढेका छन् । महासंघको महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा यस्तो जनाइएको छ ।

विज्ञाप्ति जस्ताको तस्तै यस्तो छ :

मिति : २०८२/०९/१६सन् २०२५ प्रेस स्वतन्त्रता हननका दृष्टिले निकै भयावह वर्ष रह्यो । नेपाल पत्रकार महासंघले गरेको अनुगमनमा सन् २०२५ मा प्रेस स्वतन्त्रता हननका १३९ घटना अभिलेख भएका छन् । जसबाट २१८ जना पत्रकार तथा सञ्चारकर्मी र ३१ वटा सञ्चारगृह प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । गत वर्ष ६० र सन् २०२३ मा ५८ वटा प्रेस स्वतन्त्रता हननका घटना अभिलेख भएका थिए । सन् २०२४ को तथ्यांकसँग तुलना गर्दा सन् २०२५ मा करिब तेब्बरको हाराहारीमा हननका घटनामा वृद्धि भएको देखिन्छ ।

यो वर्ष दुई जना पत्रकारको शंकास्पद मृत्यु हुन पुग्यो । गत मार्च २८ तारिकका दिन तीनकुनेमा भएको आन्दोलनको रिपोर्टिङ्का क्रममा एमिन्युजका पत्रकार सुरेश रजकको जलेर मृत्यु भयो । पत्रकार अजय गोर्खालीको मृत्यु र त्यसपछि सार्वजनिक भएका फोटो, भिडियो तथा प्रत्यक्षदर्शीको भनाइले उनको मृत्यु पनि रहस्यको घेरामित्र रहेको आशंका गर्न सकिने महासंघको चितवन शाखाले जनाएको छ ।

यो वर्ष सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्ने गरी केही कानुनी प्रवन्ध गर्न खोज्यो भने केही कानुनले संविधानप्रदत्त सञ्चार माध्यम दर्ता र नवीकरण जस्ता हक केही अवधि निलम्बित भयो । सरकारले छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ मा संशोधन गरी कठोर प्रधान ल्यायो भने फेसबुकसहित नेपालमा चर्चित रहेका २६ वटा सामाजिक सञ्जाल बन्द गर्ने अलोकतान्त्रिक निर्णय गऱ्यो ।

भदौ २३ गते भएको जेनजी आन्दोलनका क्रममा २६ वटा प्रेस स्वतन्त्रता हननका घटना हुँदा एकसय भन्दा धेरै पत्रकार तथा सञ्चारगृह प्रत्यक्ष प्रभावित भए । जेनजी आन्दोलन र २४ गतेको हिंसात्मक घटनामा सञ्चारगृहमा आगजनी, लुटपाट र तोडफोड भयो ।

उक्त घटनाबाट संस्थागततर्फ करिब ६० करोड रूपैयाँ बराबरको क्षति भएको छ भने पत्रकार तथा सञ्चार उद्यमीको निजी सम्पत्तितर्फ १८ करोड रूपैयाँ बराबरको क्षति भएको छ । पाँच जना पत्रकार गोली लागेर घाइते भए ।

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर पब्लिकेशन, अन्नपूर्ण पोस्ट, थाहा खबर, बुटवलस्थित रेडियो जागरण, इलाममा नेपालवाणी एफएम र इलाम एक्सप्रेस, चितवनमा विभिन्न सञ्चारगृह, सप्तरीमा महासंघ शाखा कार्यालयसहितका सञ्चारगृहमा आगजनी तथा लुटपाट गरियो ।

महासंघको विभिन्न संघीय संसदमा विचाराधीन मिडिया काउन्सिल विधेयक, सामाजिक सञ्जाल सञ्चालन तथा नियमन विधेयक, सूचना प्रविधि ऐनलगायत विभिन्न सञ्चारसम्बन्धी विधेयक विभिन्न समितिहरुबाट अघि बढिरहेका बेलामा अकस्मात भएको जेनजी विद्रोह र त्यसपछिको राजनीतिक परिवर्तनले संघीय संसद् नै विघट भयो । सरकारले ल्याएको छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावलीमा कतिपय प्रावधान प्रेस स्वतन्त्रतामा असर पार्ने खालका देखिएको छ ।

समग्रमा यो वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा अधिक वृद्धिका साथै विभिन्न आन्दोलन, कानुन र नीति सुधार मा निष्क्रियता, पत्रकारितामा लोकप्रियतावादी राजनीतिको बढ्दो प्रभाव, पत्रकारविरूद्धको अपराधसम्बन्धी दण्डहीनताप्रतिको उदासीनता, सञ्चार माध्यमको आर्थिक अवस्थामा झनझन गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमलगायतका कारणले प्रेस स्वतन्त्रता झन्नै चुनौतीपूर्ण बन्दै गएको महासंघको ठहर छ ।

अत: सञ्चार क्षेत्रको आर्थिक संकट र दीगोपन, पत्रकार पलायन, सामाजिक सञ्जालमा बढ्दो मिथ्या सूचनाको प्रतिरक्षा गर्नु महासंघका सामू चुनौती रहेका छन् । संविधान उल्लंघन तथा गैरसंसदीय सरकार गठन भएको यो बेला आगामी फागुन २१ गते का लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा भएको छ । महासंघ निर्वाचन शान्तिपुर्ण वातावरणमा सम्पन्न होस् र मुलुक पुन: लोकतान्त्रिक मार्गमा अगाडि बढोस् भन्ने अपेक्षा राख्दछ । र निर्वाचनका क्रममा हुन सक्ने प्रेस स्वतन्त्रता हननप्रति सचेत रहन प्रेस जगत र सरोकारवालाहरूसँग आह्वान गर्दछ ।

महासंघ प्रेस स्वतन्त्रता र पत्रकार को अधिकार संरक्षणका लागि पैरवी, खबर दारीका साथै आवश्यक पर्दा आन्दोलित हुन प्रतिवद्धता व्यक्त गर्दछ र सन् २०२६ को अवसरमा महासंघ परिवार आ ना सदस्यहरू, सम्पूर्ण पत्रकार एवम् सञ्चार कर्मी तथा नेपालीजनमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ । आगामी वर्ष प्रेस स्वतन्त्रता हननका घटनामा उल्लेखनीय कमी आओस् भन्ने कामना गर्दछ । सन् २०२५ मा प्रेस स्वतन्त्रता हननका घटनाहरू मातिे तालिकामा दिइएको छ ।

सन् २०२५ मा प्रेस स्वतन्त्रता हननका घटनाहरु यसप्रकार रहेका छन्

क्र.स	घटना	घटना संख्या	पीडित महिला	पीडित पुरुष	सञ्चार संस्था	सञ्चार सामाग्री
१	हत्या	२		२		
२	वेपत्ता	-	-	-	-	-
३	गिरफ्तारी	२	१	१		
४	कब्जा/अवरोध	१९	१	२०	११	
५	आक्रमण/तोडफोड /आगजनी	४२	३	७३	१५	१८
६	दुर्व्यवहार/धम्की	५३	४	७०	५	
७	विस्थापन	१		१		
८	पेशागत असुरक्षा	१८	१२	३०		
९	लैङ्गिक हिंसा	-	-	-	-	-
१०	नीतिगत बन्देज	२				
	जम्मा घटना	**१३९**	२१	१९७	३१	

स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन शाखा । ३१ डिसेम्बर २०२५

स्रोत अभावले सडक निर्माण ...

आएका पहिरो तथा खोल्साहरु व्यवस्थापन गर्न थप बजेट आवश्यक रहेको उनको भनाइ छ । आयोजनासँग हाल करिब ७ करोड रूपैयाँ मात्र बजेट उपलब्ध रहेको र यो बजेटले तत्कालका लागि केही खण्डमा काम गर्न सकिए पनि सिस्नेरी दक्षिणकाली खण्डलाई पूर्ण र गुणस्तरीय बनाउन ४० करोड रूपैयाँ लाग्ने यादवले बताए ।

'अहिले ठेक्का लागेका ठाउँमा काम अन्तिम भइसकेको छ । माइती खोला क्षेत्रको करिब ४०० मिटर खण्ड यसै महिनाभित्र पिच गरिसक्ने हाम्रो लक्ष्य छ ।' यादवले भने, 'हामीसँग भएको ७ करोड बजेटले करिब ३ किलोमिटर जति सडकलाई मात्र पुग्छ । त्यसैले हामीले मन्त्रालयमा बहुवर्षीय ठेक्काका लागि प्रस्ताव पेस गरेका छौं ।'

मन्त्रालयबाट बहुवर्षीय योजना स्वीकृत भएमा आगामी वर्षहरुको बजेट सुनिश्चित भएको खण्डको ठेक्का खोलेर काम सम्पन्न गर्न सहज हुने उनले बताए । बहुवर्षीय योजना नआएमा भने उपलब्ध बजेटको आधारमा मात्र दुक्रा दुक्रामा ठेक्का आह्वान गर्नुपर्ने बाध्यता रहने उनको भनाइ छ ।

दक्षिणकाली र सिस्नेरी क्षेत्रमा पहिले निर्माण भइसकेका कतिपय सडकमा समेत माथिबाट पहिरो खस्ने र खोल्साहरुले सडक बिगार्ने समस्या देखिएकाले दीर्घकालीन समाधानका लागि समेत आयोजनाले योजना बनाइरहेको प्रमुख यादवले बताए ।

चिसोबाट बच्न

- बालबालिका र वृद्धवृद्धाको स्वास्थ्यमा विशेष ख्याल गरौं
- आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।
- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।

सहीखबर

किन बढ्यो पाठकसँग ...

नेपाली मूलधारका मिडियाको एउटा मौन, तर घातक रोग छ: पत्रकारलाई साधन होइन, उपभोग्य वस्तु ठान्ने मानसिकता । पत्रकारिता सीप, अभ्यास र निरन्तर अपडेट माग्ने पेसा हो भन्ने कुरा भाषणमा त सुनिन्छ, तर कार्यान्वयनमा त्यो विचार कहिल्यै पुगेन । अधिकांश नेपाली मिडियामा 'इनहाउस ट्रेनिङ' भन्ने शब्द छैन । नयाँ पत्रकार भित्रिन्छ । उसले जे जति बाहिरबाट सिकेर आएको हुन्छ, त्यो नै अन्तिम ज्ञान मानिन्छ । त्यसपछि वर्षौंसम्म उही भाषा, उही फ्रेम, उही हेडलाइन, उही सोच घुमाइन्छ । संसार बदलिँदै जान्छ, तर समाचार लेख्ने तरिका २० वर्षअघिकै रहन्छ । पत्रकार आफैंले सिके भने ठीक, नत्र संस्थालाई कुनै चासो छैन । संस्थाले नसिकाउँदा पनि उत्पादन चाहिँ अत्याधुनिक खोज्छ । यो दक्षताको अभाव होइन, इच्छाशक्तिको अभाव हो ।

प्रतिक्रिया लक्षित पाठकबाट आउँछ ।'

अन्तर्क्रियामा ध्यान नदिएकै कारण मिडिया र त्यसमा काम गर्ने पत्रकारहरुको एउटा संसार छ र पाठकहरुको अर्को । यी दुई संसारबीच पुल कमजोर हुँदै गयो । कुनै विशेष समाचार वा विवादमा मिडियाले पाठकसँग प्रत्यक्ष संवाद गरेको, प्रश्नको जवाफ दिएको उदाहरण विरलै पाइन्छ । बरू पुराना साप्ताहिक पत्रिकामा 'पाठकको प्रश्न, सम्पादकको उत्तर' जस्ता स्तम्भहरुले मिडियालाई मानवीय बनाउँथे । सम्पादकसँग प्रत्यक्ष संवाद जुराउँथ्यो ।

आज मिडियाका आधिकारिक सामाजिक सञ्जाल पेजहरुमा पाठकले प्रश्न गरिरहेका हुन्छनन् । यो शीर्षक किन भ्रामक छ ? स्रोत के हो ? किन यस्तो एङ्गल ? तर, ती प्रश्नहरु प्राय: अनुत्तरित रहन्छन्। 'मोडरेसन' बिनाका ती प्लेटफर्महरु 'विषाक्त' टिप्पणीले भरिएका छन्, जसका कारण पत्रकारहरु त्यतातर्फ ध्यान दिन चाहँदैनन् । तर उता, इन्फ्लुएन्सरहरु कमेन्टको जवाफ दिँदै बस्छन् । यहींबाट संवाद र भरोसाको सम्बन्ध निर्माण हुन्छ । यो समस्या संस्थागत संरचनामा पनि छ । धेरै नेपाली मिडियामा 'रिडर्स एडिटर' वा 'पब्लिक एडिटर' जस्तो कुनै पद छैन । यस्तो व्यक्तिको काम पाठकको गुनासो सुन्ने, त्यसको छानबिन गर्ने र मिडियाको आन्तरिक प्रक्रियामा सुधार ल्याउने हुन्छ । तर, नेपालमा पाठकको गुनासो सुन्ने कोही छैन, न त्यसको जवाफ दिने ।

इन्फ्लुएन्सरहरुको उदय : मिडियाको खाली ठाउँ

सामाजिक सञ्जालका इन्फ्लुएन्सरहरु न पत्रकार हुन्, न सम्पादक, न प्रशिक्षित मिडिया । उनीहरुसँग मूलधारका मिडियाजस्तो लगानी छैन । तर, उनीहरुसँग दुई कुरा छन्: प्रत्यक्षता र अन्तर्क्रिया । उनीहरुको शक्ति उनीहरुको पूर्णताबाट होइन, मिडियाको असफलताबाट जन्मिएको हो । मिडियाले स्पेस दिएको भए, संवाद गरेको भए, उनीहरुको प्रभाव यति तूलो हुने थिएन ।

र, यो समस्या नेपालमा मात्रै सीमित छैन । 'रोयटर्स इन्स्टिच्युट' को २०२५ को डिजिटल न्युज रिपोर्टले देखाउँछ कि सामाजिक सञ्जाल र मिडियो प्लेटफर्मको युगमा परम्परागत समाचार संस्थाहरुको एकाधिकार तोडिँदै गएको छ । दर्शकहरुले स्थापित समाचार संस्था वा पत्रकारभन्दा बढी व्यक्तिगत 'कन्टेन्ट क्रिएटर' हरुलाई ध्यान दिन थालेका छन् । युट्युब, टिकटक र इन्स्टाग्राममा 'परम्परागत मिडिया' भन्दा 'व्यक्तित्व' बढी प्रभावशाली बन्दै गएका छन् ।

यस प्रवृत्तिले राजनीतिज्ञ र शक्तिशाली व्यक्तिहरुलाई परम्परागत पत्रकारिताको छानबिनबाट बच्न सजिलो बनाएको छ । उनीहरु अब सिधै आफू अनुकूलका प्रभावशाली व्यक्तिहरुसम्म पुग्न सक्छन्, जसले कठिन प्रश्न सोध्दैनन् । यसले संस्थागत पत्रकारिताको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ ।

तर, यहाँ एउटा विडम्बना छ: यदि मूलधारका मिडियाले आफ्ना पत्रकारहरुलाई व्यक्तित्वका रुपमा विकास गर्न दिएको भए, उनीहरुलाई दर्शकसँग प्रत्यक्ष संवाद गर्ने अवसर दिएको भए, यो खाडल सिर्जना नै हुने थिएन । तर, मिडिया संस्थाहरुले पत्रकारहरुलाई 'ब्रान्ड' बन्न दिन डराए, किनभने त्यसले संस्थाको शक्ति घटाउला भन्ने डर थियो । परिणाम ? पत्रकारहरुले पनि संस्था छाडेर गए र आफ्नै प्लेटफर्म बनाए ।

बुझ्न गाह्रो समाचार

पाठकसँग दूरीकै अर्को आयाम हो: प्रस्तुति । समाचार बुझ्न सकिने खालका छन् कि छैनन् ? 'रोयटर्स' को सोही रिपोर्ट अनुसार, समाचारबाट टाढा बस्ने प्रवृत्ति ऐतिहासिक उच्च बिन्दुमा पुगेको छ । विश्वभर ४० प्रतिशत मानिसहरु कहिलेकाहीं वा प्राय: समाचारबाट टाढा बस्छन् । मुख्य कारणहरुमा नकारात्मक प्रभाव र अत्यधिक समाचारको थकान छन् ।

तर, ३५ वर्षभन्दा कम उमेरका युवाहरुका लागि एउटा थप समस्या देखिएको छ : समाचार बुझ्न गाह्रो हुनु । जटिल भाषा, अस्पष्ट संरचना र सन्दर्भविहीन प्रस्तुति । यसले मिडियालाई आफ्नो शैली पुनर्विचार गर्न बाध्य पार्नुपर्ने हो, तर नेपाली मिडियामा त्यो बहस देखिँदैन ।

अर्को समस्या छ: सन्दर्भको अभाव । समाचार सधैं त्यो दिनको घटनामा केन्द्रित हुन्छ । तर, त्यो घटना किन महत्वपूर्ण छ, यसअघि के भएको थियो, यसले भविष्यमा के असर पार्छ ? यी कुराहरु छुट्छन् । परिणामस्वरुप पाठकले अलग अलग घटनाको सूची पाउँछन्, तर कुनै कथा वा निरन्तरता पाउँदैनन् ।

पक्षधरता

नेपाली मिडियाले आफूलाई अझै पनि 'स्वतन्त्र' भन्छ । तर, पछिल्लो दशकका कुनै पनि सजग पाठकले एउटा प्रश्न अनिवार्य रुपमा सोध्छ: यो समाचार कसको पक्षमा छ ? यो प्रश्न उठ्नु नै मिडियाका लागि खतरा हो । किनकि जहाँ यस्तो प्रश्न सामान्य बन्छ, त्यहाँ निष्पक्षतामाथिको विश्वास क्षीण हुँदै छ । एकै नेताका विषयमा फरक फरक राष्ट्रिय दैनिकमा पूर्णत: विपरीत एङ्गल देखिनु, तथ्यसमेत फरक हुन्छन् । यसले एउटा स्पष्ट 'प्याटर्न' देखाउँछ । समाचारको मूल्य तथ्यले होइन, सम्पादक वा प्रकाशकको राजनीतिक झुकावले निर्धारण गरिरहेको छ । मिडियाले अझै पनि पाठकलाई भावनामा बग्ने भीड ठान्छ। तर, पाठकले अब 'प्याटर्न' चिन्छ । कुन मिडिया कसको आलोचक हो ? कुन मिडिया कसको रक्षक हो ? कहिले मौन बस्छ ? कहिले चर्को बोल्छ ? पाठकले सबै देख्छ । यहींबाट पाठकको निष्कर्ष आउँछ: 'यो समाचार होइन, एजेन्डा हो ।' र, त्यसपछि ऊ वैकल्पिक स्रोततिर लाग्छ ।

सीप विकास : नेपाली मूलधारका मिडियाको एउटा मौन, तर घातक रोग छ: पत्रकारलाई साधन होइन, उपभोग्य वस्तु ठान्ने मानसिकता । पत्रकारिता सीप, अभ्यास र निरन्तर अपडेट माग्ने पेसा हो भन्ने कुरा भाषणमा त सुनिन्छ, तर कार्यान्वयनमा त्यो विचार कहिल्यै पुगेन । अधिकांश नेपाली मिडियामा 'इनहाउस ट्रेनिङ' भन्ने शब्द छैन । नयाँ पत्रकार भित्रिन्छ । उसले जे जति बाहिरबाट सिकेर आएको हुन्छ, त्यो नै अन्तिम ज्ञान मानिन्छ । त्यसपछि वर्षौंसम्म उही भाषा, उही फ्रेम, उही हेडलाइन, उही सोच घुमाइन्छ । संसार बदलिँदै जान्छ, तर समाचार लेख्ने तरिका २० वर्षअघिकै रहन्छ । पत्रकार आफैंले सिके भने ठीक, नत्र संस्थालाई कुनै चासो छैन । संस्थाले नसिकाउँदा पनि उत्पादन चाहिँ अत्याधुनिक खोज्छ । यो दक्षताको अभाव होइन, इच्छाशक्तिको अभाव हो ।

मिडिया कम्पनीहरु नाफामूलक हुनु गलत होइन । तर, नाफाको एक प्रतिशत पनि पत्रकारको सीप विकासमा नखर्चनु चाहिँ अपराधजस्तै हो । चम्किला स्टुडियो, ब्रान्डिङ, मञ्च र फोटो सेसनका लागि करोड खर्च हुन्छ । तर, पत्रकारलाई नयाँ टुल, नयाँ विधि, नयाँ सोच सिकाउन 'बजेट छैन' भन्ने बहाना तयार हुन्छ । मिडिया मालिकका लागि पत्रकार ज्ञानको स्रोत होइन, खर्च घटाउने लाइन आइटम मात्रै हुनु भएन ।

डाटा जर्नलिज्म, भिजुअल स्टोरीटेलिङ, फ्याक्ट चेकिङ, इन्टरएक्टिभ ग्राफिक्स यी सबै आधुनिक पत्रकारिताका अनिवार्य सीपहरु हुन् । तर, नेपाली मिडियामा यी सीपहरु भएका पत्रकार औंलामा गन्न सकिन्छन् । कारण सरल छ: करौले सिकाएन, करौले सिक्न प्रोत्साहन गरेन ।

सीप नबढेपछि सामग्री कमजोर हुन्छ । कमजोर सामग्रीले प्रश्न उठाउँदैन । प्रश्न नउठाउने सामग्रीले शक्ति जाँच्दैन । शक्ति नजाँच्ने मिडिया सत्ता र पुँजीको लाउडस्पिकर बन्छ । अनि त्यही मिडिया भन्छ: 'पाठकले हामीलाई छाडे ।'

यसै कारण मिडियाभन्दा बाहिरका 'कन्टेन्ट क्रिएटर' हरु अगाडि आए । उनीहरु पत्रकारभन्दा ज्ञानी भएर होइन, मिडियाले गर्नुपर्ने लगानी आफैंले गरेर अगाडि आएका हुन् । एल्गोरिदम बुझ्ने, दर्शकसँग बोल्ने, दृश्यमा कथा भन्न सक्ने : यी सीप पत्रकारिताका शत्रु होइनन्, तर नेपाली मिडियाले तिनलाई कहिल्यै आफ्नै बनाउन चाहेन । पत्रकारको सीप विकासमा लगानी नगर्ने मिडिया, पत्रकारितामा होइन, आफ्नै अवसानमा लगानी गरिरहेको हुन्छ ।

डिजिटल संक्रमणको असफलता

प्रविधि परिवर्तन भइरहेको थियो, पाठकहरु डिजिटल प्लेटफर्ममा सर्दै थिए । नेपाली मिडियाले यो बुझे । तर, उनीहरुको प्रतिक्रिया सतही थियो । छापा सामग्रीलाई अनलाइनमा हाल्ने, त्यही पुरानो ढाँचालाई नयाँ प्लेटफर्ममा पुनरावृत्ति गर्ने, यो डिजिटल संक्रमण होइन, केवल माध्यमको परिवर्तन थियो ।

डिजिटल पत्रकारिता भन्नाले मल्टिमिडिया स्टोरीटेलिङ, इन्टरएक्टिभ ग्राफिक्स, दर्शकसँग प्रत्यक्ष संवाद, डाटा विश्लेषण र व्यक्तिगत अनुभव समावेश गर्नु हो । तर, नेपाली मिडियाले यीमध्ये कुनै पनि गम्भीरताका साथ अपनाएनन् । परिणामस्वरुप उनीहरुको डिजिटल उपस्थिति केवल औपचारिक रह्यो, प्रभावकारी भएन । युवा दर्शकले इन्स्टाग्राम, टिकटक र युट्युबमा छोटो, दृश्यात्मक र इन्टरएक्टिभ सामग्री खोज्दै छन् । तर, मूलधारका मिडिया अझै पनि लामो टेक्स्टमा आधारित सामग्री उत्पादन गरिरहेका छन् । यो गलत होइन, तर यो मात्रै पर्याप्त छैन । मिडियाले विविध ढाँचामा सामग्री उत्पादन गर्न सक्नुपर्छ । विभिन्न प्लेटफर्म, विभिन्न दर्शक र विभिन्न शैली ।

आशाको किरण : मूलधारका नेपाली मिडियाले शक्ति गुमाउनुको कारण बाहिर होइन, भित्र छ । विश्वास गुमाउनु, पाठकसँग दूरी बढाउनु, गल्ती स्वीकार नगर्नु र खुला पक्षधरता: यी सबै आत्मघाती निर्णयहरु हुन् । प्रविधि दोषी छैन, नयाँ पुस्ता दोषी छैन । उनीहरुले केवल खाली ठाउँ भरेका हुन् । यदि मूलधारका मिडियाहरु पुन: प्रभावशाली बन्न चाहन्छन् भने सबैभन्दा पहिले आत्मसमीक्षा गर्नुपर्छ । विश्वास पुनर्निर्माण गर्नुपर्छ । पाठकसँग संवाद गर्नुपर्छ । गल्तीमा माफी माग्न सिक्नुपर्छ ।

युवा पत्रकारहरु नयाँ विचार र ऊर्जा लिएर आइरहेका छन् । उनीहरुले डिजिटल 'टुल्स' बुझ्छन्, दर्शकसँग संवाद गर्न चाहन्छन्, परम्परागत ढाँचालाई चुनौती दिन तयार छन् । यदि संस्थाहरुले उनीहरुलाई अवसर र स्वतन्त्रता दिन सके, परिवर्तन सम्भव छ । किनभने 'रोयटर्स इन्स्टिच्युट' कै रिपोर्टले देखाउँछ: अझै पनि शंकाको क्षणमा मानिसहरु विश्वसनीय 'ब्रान्ड' नै खोज्छन् । जब अनलाइनमा कुनै शंकास्पद जानकारी प्रमाणीकरण गर्ने कुरा आउँछ, पाठकहरुले अझै पनि स्थापित संस्थाहरुलाई महत्व दिन्छन् ।

परिवर्तन सजिलो छैन । यसले संरचनागत सुधार, मानसिकतामा परिवर्तन र दीर्घकालीन लगानी माग्छ । तर, विकल्प के छ ? यथास्थिति कायम राख्ने र बिस्तारै अप्रासंगिक हुने ? नेपाली मिडिया एउटा महत्त्वपूर्ण निर्णयको मोडमा छ । अब उठ्ने र आफूलाई पुनर्परिभाषित गर्ने समय हो ।

प्रश्न यो होइन कि मिडियाको भविष्य छ कि छैन ? प्रश्न यो हो कि नेपाली मूलधारका मिडियाले त्यो भविष्यमा आफ्नो स्थान बनाउन सक्छन् कि सक्दैनन् ? उत्तर उनीहरुको आफ्नै हातमा छ ।

कान्तिपुर दैनिकमा प्रकाशित लेख साभार गरिएको

माउन्टेन बाइक गाइडहरुलाई जेसीआई हेटौंडामा पराजुली

लाइसेन्स वितरण





सहीखर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले नेपालमै पहिलो पटक माउन्टेन बाइक गाइडहरुलाई लाइसेन्स (ईजाजतपत्र) वितरण गरेको छ ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले २४ जना माउन्टेन बाइक गाइडहरुलाई लाइसेन्स (ईजाजतपत्र) वितरण गरेका छन् ।

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट तालिम लिएका २४ जना माउन्टेन बाइक गाइडहरुलाई ५ वर्षका लागि ईजाजतपत्र वितरण गरिएको प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दिपेन्द्र सुवेदीले जानकारी दिए । साहसिक पर्यटनलाई व्यवस्थित, सुरक्षित र अन्तर्राष्ट्रियस्तरको बनाउने उद्देश्यसहित प्रदेशको पर्यटन ऐनमा भएको व्यवस्था अनुसार ईजाजतपत्र वितरण गरिएको उनले बताए ।

प्रदेशमित्र माउन्टेन बाइक रुटको पहिचान तथा प्रवर्द्धनसमेत अघि बढाइएको उनले बताए । प्रदेश सरकारले हिमाल, पहाड र ग्रामीण भू भागले भरिपूर्ण बागमती प्रदेशलाई माउन्टेन बाइकिङको प्रमुख गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य लिएको उनले बताए ।यसअघि कानुनी संरचना नहुँदा अनौपचारिक रुपमा सञ्चालन हुँदै आएको माउन्टेन बाइक गाइडिङलाई अब विधिसम्मत बनाइएको सचिव सुवेदीले जानकारी दिए ।

सचिव सुवेदीले यो पहलले साहसिक पर्यटनलाई संस्थागत गर्ने विश्वास समेत व्यक्त गर्नुभयो । “बागमती प्रदेशको भूगोल माउन्टेन बाइकिङका लागि अत्यन्त उपयुक्त छ । गाइड लाइसेन्समार्फत सुरक्षा, गुणस्तर र उत्तरदायित्व सुनिश्चित गर्दै अन्तर्राष्ट्रिय सहभागिता बढाउने हाम्रो लक्ष्य हो ।” उनले भने ।

प्रदेश सरकारका अनुसार लाइसेन्स प्राप्त गाइडमार्फत सञ्चालन हुने माउन्टेन बाइकिङले पर्यटकको सुरक्षाका साथै प्रदेशको पर्यटन छविमा सुधार ल्याउने अपेक्षा गरिएको छ । साथै, यसले स्थानीय युवालाई रोजगारीको नयाँ अवसर प्रदान गर्ने विश्वास गरिएको छ ।

बागमती प्रदेशमा काठमाडौं उपत्यका आसपास, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट र धादिङजस्ता जिल्लामा अन्तर्राष्ट्रियस्तरका माउन्टेन बाइक रुट विकासको सम्भावना रहेको छ ।

यी क्षेत्रहरुलाई लक्षित गरी ट्रेल म्यापिङ, रुट वर्गीकरण र आवश्यक पूर्वाधार विकास तयारी समेत प्रदेश सरकारले गरेको छ । “यो वर्ष हामीले माउन्टेन बाइक गाइडहरुलाई ईजाजतपत्र दिएका छौं, अर्को वर्ष रूट अन्वेषण गर्ने र यसै वर्ष पनि यसको विकास र प्रचार प्रसारका लागि एडभेन्चर फेस्टिबल गर्ने योजना छ ।” सचिव सुवेदीले भने ।

प्रदेश सरकारले आगामी दिनमा प्रदेश मित्र माउन्टेन बाइक रुट अन्वेषण गर्दै यसमा अन्तर्राष्ट्रिय स्तरको सहभागिता सुनिश्चित गर्ने योजना बनाएको छ । जसका लागि अन्तर्राष्ट्रिय माउन्टेन बाइक इभेन्ट आयोजना गर्ने, विदेशी टुर अपरेटरसँग सहकार्य बढाउने र बागमती प्रदेशलाई माउन्टेन बाइक फ्रेन्डली डेस्टिनेसनका रूपमा चिनाउने योजना बनाएको जनाईएको छ ।

जेसीआई हेटौंडाको अध्यक्षमा पराजुली निर्वाचित

सहीखबर संवाददाता

मकवानपुर । जेसीआई हेटौंडा वर्ष २०२६ अध्यक्षमा सन्तोष पराजुली निर्वाचित भएका छन् ।

युवाहरुको नेतृत्व तथा व्यक्तित्व विकासमा सक्रिय संस्था जेसीआई हेटौंडा शाखाको शनिबार नेतृत्व चयनका लागि भएको निर्वाचनमा पराजुलीको प्यानल नै विजयी भएको हो ।

शनिबारको अधिवेशनमा आफ्ना प्रतिस्पर्धी जीवन ढकाललाई २९ मत अन्तर पराजित गर्दै पराजुली विजयी भएका हुन् । पराजुलीले १ सय ७ मतका साथ विजयी हुँदा उनका प्रतिस्पर्धी ढकालले ७८ मत प्राप्त गरेका थिए ।

निर्वाचनमा कुल १ सय ८७ मत खसेकोमा ३ मत बदर भएको निर्वाचन समितिले जनाएको छ ।

अध्यक्षसँगै पराजुलीको प्यानलबाट कार्यकारिणी उपाध्यक्षमा संजय कुमार न्यौपाने र विपिन ताम्राकार तथा उपाध्यक्षमा विवेक बार्निया, अशोक सिंह, विनोद वाग्ले र सृजनराज बज्राचार्य निर्विरोध निर्वाचित भएका छन् । विजयी भएपछि नवनिर्वाचित अध्यक्ष पराजुलीले जेसीआईको मर्मअनुसार युवाहरूको व्यक्तित्व र नेतृत्व विकासमा केन्द्रित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले जेसीआई हेटौंडालाई थप उचाइमा पुर्‍याउन सबै पक्षलाई समेटेर अघि बढ्ने बताएका छन् । जेसीआईले लोकतान्त्रिक पद्धतिबाट नयाँ नेतृत्व चयन गर्दै आएको छ ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

अध्यक्ष: हिदम लामा

भिमफेदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मकवानपुरको श्रेष्ठ र सुनार कांग्रेसको समानुपातिक सूचीमा

○सहीखर संवाददाता

मकवानपुर । आगामी फागुन २१ गतेको लागि तोकिएको प्रतिनिधि सभा सदस्या निर्वाचनको लागि मकवानपुरको २ जना अधिकारकर्मीहरूको नाम समानुपातिक सूचिमा समावेश भएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश कमिटीले समानुपातिक बन्दसूचीमा बागमती प्रदेशबाट २० जनाको नाम समावेश गर्दा मकवानपुरका २ जान अधिकारकर्मी महिलाहरू समावेश भएका हुन् ।

मकवानपुर जिल्लाकी दलित अधिकारर्मी पवित्रा सुनारको नाम समानुपातिक सूचिमा रहेको नेपाली काँग्रेसले जनाएको छ । यसैगरी मानवधिकारकर्मी शर्मीला श्रेष्ठको नाम पनि समानुपातिक सूचिमा अटाएको छ । नेपालीकाँग्रेसले समानुपातिक सूचिमा यस अघि मन्त्री भएकाहरूलाई समेत समावेश गरेको छ ।

नवयुवा आन्दोलनपछि प्रत्यक्ष चुनावमा लड्न हिम्मत गर्न नसकेपछि नाम चलेका नेताहरू पनि समानुपातिकमा राखेर काँग्रेसले नाम पठाएको छ । कांग्रेस नेता अर्जुन नरसिंह केसीदेखि भीमसेन दास प्रधानसम्मको नाम बन्द सूचीमा पठाइएको हो। पूर्वमन्त्री समेत रहेका केसी र प्रधान दुवैजना अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित भएका थिए। २०७९ को प्रतिनिधि सभा निर्वाचमा नुवाकोट क्षेत्र नम्बर २ बाट प्रत्यक्ष निर्वाचित भएका नेता अर्जुन नरसिंह केसी यो पटक समानुपातिक सूचीमा परेका हुन्। जेनजी आन्दोलनपछि चुनाव नलड्ने





बागमतीका अरू १८ उम्मेदवार अरू यि हुन्

घोषणा गरेका उनको नाम कांग्रेस नुवाकोटले समानुपातिकतर्फ पहिलो नम्बरमा सिफारिस गरेर पठाएको थियो। प्रधान यसअघि काठमाडौं ६ बाट प्रत्यक्ष निर्वाचित सांसद तथा मन्त्री भइसकेका व्यक्ति हुन्। उनको नाम यसपटक समानुपातिकतर्फ सिफारिस गरिएको हो।

यस्तै, रसुवाका जिल्ला सभापति पेम्बा छिरिङ तामाङ पनि समानुपातिकतर्फ सिफारिस भएको छ। जनजाती क्लस्टरबाट तामाङको नाम सिफारिसमा परेको हो। दोलखाबाट छिरिङ डोल्मा शेर्पाको नाम सिफारिसमा परेको छ।

धादिङबाट शान्ता कुमारी तामाङ र सेतामान तामाङ गरी दुई जनाको नाम समानुपातिकको बन्द सूचीमा छ। काठमाडौंबाट नियती सिंह, भीमसेन दास प्रधान, नारायण श्रेष्ठ, कमल राज भण्डारी, श्रीविनोद भट्टराई र हरिशरण नेपालको नाम सिफारिस गरिएको छ भने भक्तपुरबाट विनोद कुमार कायस्थ, गणेशमान चक्रधर र डा. गंगालक्ष्मी अवालको नाम सिफारिस गरिएको छ।

नुवाकोटबाट महेन्द्र थिङ र जगतबहादुर तामाङ, रामेछापबाट ज्याल्जे शेर्पाको नाम समानुपातिक सूचीमा सिफारिस गरिएको छ भने सिन्धुलीबाट नरेन्द्रजंग थापाको नाम सिफारिस गरिएको छ ।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य तर्फको समानुपातिक निर्वाचन प्रणालीमा सहभागी हुन राजनीतिक दलहरूले बन्दसूची निर्वाचन आयोगमा बुझाएका छन् ।

समानुपातिकको बन्दसूची बुझाउन आइतबार र सोमबार दुई दिनको समय निर्धारण गरिएको थियो । निर्वाचन आयोगले बन्दसूची बुझाएका दलहरूको चुजाव चिन्ह सहितको नामावली प्रकाशन गरेको छ ।

निर्वाचन आयोगका अनुसार ६४ वटा राजनीतिक दलले समानुपातिक तर्फको वन्द सूची पेश गरेका छन् । ६४ वटा राजनीतिकि दलमध्ये ५४ वटा दलले आ आफ्नो चुनाव चिन्हमा र १० वटा दलले ४ वटा एकल चुनाव चिन्हमा भाग लिने गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूची पेस गरेको आयोगले जनाएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीतर्फ सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने गरी ११० जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुने संवैधानिक व्यवस्था छ ।

निर्वाचन अधिकृतको कार्यालय स्थापना

○ सहीखबर संवाददाता

मकवानपुर । आसन्न राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ ।हेटौंडा ५ स्थित बागमती प्रदेश निर्वाचन आयोगको कार्यालयमा निर्वाचन अधिकृतको कार्यालयको स्थापना गरिएको हो ।

निर्वाचन अधिकृत एवम् जिल्ला अदालत मकवानपुरकी न्यायाधीश गीता श्रेष्ठले कार्यालयको उद्घाटन गरिन् । आगामी माघ ११ गते राष्ट्रिय सभा सदस्य निर्वाचन हुँदैछ । राष्ट्रिय सभामा बागमती प्रदेशबाट एक जना महिला र एक जना अन्य गरी दुई जनाको पद रिक्त रहेको छ ।

निर्वाचान आयोगका अनुसार निर्वाचन अधिकृतका कार्यालय हेटौंडाले पुस २२ गतेसम्ममा अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछ भने पुस २३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता गर्ने कार्यतालिका रहेको छ ।

पुस २७ गते दिउँसो ३ बजेसम्म उम्मेदवार ले नाम फिर्ता लिन पाउने छ । पुस २८ गते उम्मेदवारहरूलाई चुनाव चिन्ह प्रदान गरिने छ । यस्तै आगामी माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ । मतदानका लागि हेटौंडा ४ स्थित भूटनदेवी माध्यमिक विद्यालयमा दुई वटा मतदान केन्द्र तोकिएको छ । बागमती प्रदेश सभाका १ सय ९ जना सदस्यहरू र प्रदेशका १ सय १९ वटा स्थानीय तहका ३ सय ३८ जना प्रमुख र उपप्रमुख गरी कुल ३ सय ४८ जना मतदाता सहभागी हुन पाउने व्यवस्था छ । मतदान सम्पन्न पश्चात मतदानस्थलमै मतगणना हुने कार्यालयले जनाएको छ ।

- समयमा कर तिरौं,
- वातावरणीय सरसफाइमा ध्यान दिऔं,
- पानी खेर नफालौ,
- हरियाली प्रवर्द्धन गरौं,
- सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
- बाटो काट्दा पैदलयात्रुलाई

प्राथमिकता दिने गरौं ।

लोकहितको लागि

सहीखबर

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं ❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

मनहरी गाउँपालिका मकवानपुर

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं

❖ आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।
❖ आगो तथा हीटर नजिकबाट नतापौं ।
❖ कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हीटरको नजिक नराखौं ।
❖ कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
❖ आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
❖ बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
❖ बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं ।
❖ घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
❖ आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड